लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, कपिलवस्तु

फोन नं. ०७६५६००६३
Email: akckapilvastu@gmail.com
Website: www.akckapilvastu.lumbini.gov.np
Facebook: https://www.facebook.com/akckapilvastu
स्थान: तौलिहवा

कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०४)

सूचना नं : ००४/आ.व. २०८२-८३

कृषि ज्ञान केन्द्र, कपिलवस्तुको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लिखित कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले सूचना प्रकासन मितिले १५ दिन (मिति २०८२/०९/१८ गते) कार्यालय समयभित्र आवश्यक कागजात सहित निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यविधि यस कार्यालयको वेवसाईट www.akckapilvastu.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ। थप जानकारीका लागि कार्यालयको फोन नम्बर ०७६-५६००६३ मा सम्पर्क गर्न सकिने छ।

तपसिल

क्र.स.	कार्यक्रम	क्रियाकलापहरु	मापदण्ड	कार्यक्रम संचालन क्षेत्र	आवेदकको किसिम	अनुदानको सिमा
१	सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम	• सहकारी संघ/संस्थाहरु मार्फत कृषि/पशुपन्छीजन्य उत्पादन, प्रशोधन, बजारीकरणसँग सम्बन्धित प्रविधिमा आधारित मेसिन, औजार, उपकरण, सामग्री सहयोग। • तालिम/सञ्चालन।	• कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ७(१) को बुँदा नं १४५ मा तोकिए बमोजिम।	जिल्ला भरी	सहकारी संघ/संस्था	सहकारी संघ/संस्थाले पेश गरेको प्रस्तावको कुल रकमको ५० प्रतिशत वा अधिकतम् रु. ५ लाखमा जुन कम हुन आउछ सो रकम प्रदान गरिनेछ।
२	प्राङ्गारिक मल/ भर्मिकम्पोष्ट उत्पादन प्रवर्द्धन कार्यक्रम (बाणगंगा- न.पा.-६, भगलापुर)	• प्राङ्गारिक मल उत्पादनमा प्रयोग हुने यन्त्र उपकरण खरिद तथा जडान। • जैविक मल तथा प्राङ्गारिक मल उत्पादनका लागि पूर्वाधार विकास/ स्तरोन्नती। • कृषक समुह /कृषि सहकारी/ फर्म /कम्पनी /कृषि बजार समितिबाट उत्पादित जैविक/ प्राङ्गारिक मलको परिक्षण सहयोग गर्न सकिने।	• कृषक समुह /कृषि सहकारी/ फर्म /कम्पनी /कृषि बजार समितिबाट मार्फत कार्यक्रम संचालन गरिने। • नयाँ पूर्वाधार निर्माणका लागि सम्बन्धित कृषक समुह /कृषि सहकारी/ फर्म /कम्पनी /कृषि बजार समितिको स्वयं आफ्नै स्वामित्वमा जग्गा हुनुपर्ने। • कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम मल उत्पादन यन्त्र उपकरणहरु सम्बन्धित कृषक समुह	बाणगंगा- न.पा.- ६ भगलापुर	कृषक समुह /कृषि सहकारी / फर्म /कम्पनी /कृषि बजार समिति	• नयाँ पूर्वाधार निर्माणको हकमा ५० प्रतिशत वा सात लाख मध्ये जुन कम हुन आउँछ सो रकम उपलब्ध गराइने, • पूर्वाधार स्तरोन्नतीको हकमा ५० प्रतिशत वा अधिकतम् पाँच लाखमध्ये जुन कम हुन आउँछ सो रकम उपलब्ध गराइने, • यन्त्र उपकरण लगायत चालु प्रकृतिका क्रियाकलापको हकमा कूल लागतको ५० प्रतिशत वा तीन लाखमध्ये जुन कम आउँछ सो रकम अनुदान उपलब्ध गराइने,

०८२/९/०४
घनश्याम चौधरी
(अधिकृत स्तर दर्जा)

CamScanner

क.स.	कार्यक्रम	क्रियाकलापहरु	मापदण्ड	कार्यक्रम संचालन क्षेत्र	आवेदकको किसिम	अनुदानको सिमा
		• उत्पादन, प्याकेजिङ्ग, भण्डारणसँग सम्बन्धित पूँजीगत तथा चालु प्रकृतिका कृयाकलापहरु।	/कृषि सहकारी/ फर्म /कम्पनी /कृषि बजार समितिले खरिद गर्नुपर्ने।			• जैविक/प्राङ्गारिक मलको परीक्षणका लागि मलको परीक्षणका लागि कार्यालयले शत प्रतिशत खर्च बेहोर्ने।
३	लक्षित वर्ग विशेष आयआर्जन कार्यक्रम (महिला, दलित, जनजाती, मधेशी आदी) (कृषि तर्फ)	• बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी क्रियाकलाप सहयोग, • साना पुर्वाधार (टनेल, नर्सरी, गुमोज आदि) • तालिम तथा सचेतना	• लक्षित वर्ष विशेष आर्थिक रुपमा विपन्न मुक्त कमैया/कम्लहरी, भूमिहिन, मुसहर, चिडिमार, पासी, मंगता, नटुवा, गडरिया, बादी, बोटे, माझी, किङ्गरिया, कुचबन्धिया, खुना, कुमाल, सोनहा, विपन्न दलित, राजी, चमार, डोम, महिला, दलित, जनजाती, मधेशी समुदाय आदी सिमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने, • लक्षित समुदायमा कम्तीमा १५ घरधुरी समावेश गरी कार्यक्रम संचालन हुनुपर्ने।	जिल्ला भरी	मापदण्डमा तोकिएका लक्षित वर्ग	प्रति परिवार अधिकतम् रु. दशहजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ।

नोटः लुम्बिनी प्रदेश सरकार (मन्त्री परिषदको) मिति २०८२/०६/२५ को निर्णय अनुसार ८० प्रतिशतलाई अन्तिम बजेट मानी कार्यक्रम कार्यान्वयन गरिनेछ।. (क.सं. ३ मा उल्लिखत कार्यक्रम कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको च.नं. ५८२, मिति २०८२/०८/१६ गतेको प्राप्त निर्देशन अनुसार कार्यविधिको दफा ७(१) क.सं. ३२ बमोजिम हुने। अन्य व्यवस्था कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ अनुसार हुनेछ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१. प्रस्तावको निवेदन (अनुसूचि २३)
२. दर्ता/नवीकरणभएको प्रमाण पत्रको प्रतिलिपि (कृषि समुह/निजि फर्म/कम्पनी/कृषि सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी/ कृषक समुहको हकमा छनौट भएमा सम्झौतापूर्व पेश गर्नु)
४. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची-२४/क.सं.१ कार्यक्रमको हकमा अनुसूचि -२६।
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
६. प्रस्ताव स्वीकृत गरी अनुदान माँग गर्न गरिएको निर्णयको प्रतिलिपी (समुह/सहकारीको हकमा)।
७. दोहोरो अनुदान नलिएको स्वःघोषणा (अनुसूची ३१ को संलग्न ढाँचा बमोजिम, क.सं.१/२ कार्यक्रमको हकमा)।
८. प्रस्तावक संस्था कालोसूचीमा नरहेको स्वःघोषणा (संलग्न ढाँचा बमोजिम, क.सं.१/२ कार्यक्रमको हकमा)।
९. प्रस्ताव पेश गर्न आउने आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपी।
१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
११. पूर्वाधार निर्माण गर्ने संस्थाको जग्गाको जग्गा धनी दर्ता प्रमाण पत्रको प्रतिलिपि।
१२. रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

घनश्याम चौधरी
प्रमुख (अधिकृत स्तर दर्जा)